# गुणस्तरीय शिक्षाका लागि सामूहिक प्रयत्न जरुरी छ : उपप्रधानमन्त्री सिंह




काठमाण्डु । उपप्रधानमन्त्री एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंहले गुणस्तरीय शिक्षाका लागि शिक्षक, विद्यार्थी, अभिभावक र समुदायको सामूहिक प्रयत्न आवश्यक पर्ने बताउनुभएको छ।

नेपाल पब्लिक क्याम्पस सङ्घको ३५औँ वार्षिकोत्सव, सम्मान कार्यक्रम तथा काठमाडौँ जिल्ला अधिवेशन कार्यक्रममा सम्बोधन गर्नुहुँदै उहाँले सामूहिक प्रयत्न विना गुणस्तरीय शिक्षाको नारा नारामै सीमित हुने बताउनुभयो।

"क्याम्पस खुलेर मात्र हुँदैन । गुणस्तरीय शिक्षाका लागि सामूहिक प्रयत्न आवश्यक छ । क्याम्पस परिवार, विद्यार्थी, अभिभावकसहित सबैको भूमिकाबाट मात्रै गुणस्तरीय शिक्षाको नारा पूरा हुनसक्छ," उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "शिक्षा क्षेत्रमा विगतभन्दा धेरै कुरा भएका छन् । यसलाई अझ प्रभावकारी र गुणस्तरिय बनाउनुपर्छ। त्यसका लागि साझा प्रयत्न आवश्यक छ।"

उहाँले पब्लिक क्याम्पसले उच्च शिक्षाको क्षेत्रमा गरिररहेको काम प्रशंसनीय रहेको बताउनुभयो । समुदायको आवश्यकता र जनचाहनाअनुसार पब्लिक क्याम्पसले शिक्षा दिनुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले जादूको छडी कसैसँग नहुने भन्दै शिक्षा क्षेत्रमा जस्तै समाजका धेरै क्षेत्र सुधारका लागि सरकारले प्रयास गरिररहेको र त्यसमा आम नागरिकको साथ आवश्यक रहेको बताउनुभयो।

प्रतिपिनधिसभा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति अम्मरबहादुर थापाले गुणस्तरी शिक्षा उपलब्ध गराएर विद्यार्थीलाई नैतिक र जिम्मेवार नागरिक बनाउन आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेस शिक्षा विभाग प्रमुख नैनसिंह महर, एमाले शिक्षा विभाग प्रमुख पार्वती रावललगायतले शहरदेखि ग्रामीण भेगसम्म रहेर विद्यार्थीलाई शिक्षा दिइरहेको भन्दै पब्लिक क्याम्पसको नेपालको उच्च शिक्षाको क्षेत्रमा ठूलो योगदान रहेको बताउनुभयो।

कार्यक्रममा पब्लिक क्याम्पसबाट उत्कृष्ट अङ्क ल्याउने छात्रछात्रा र क्याम्पसलाई सम्मान गरिएको थियो। देशभर करिब ६०० पब्लिक क्याम्पस रहेको सङ्घले जनाएको छ। सङ्घका अध्यक्ष शत्रुघ्नप्रसाद गुप्ताले उच्च शिक्षा नीतिमा सामुदायिक शिक्षकको स्तर निर्धारणदेखि लगानीको व्यवस्थाको विषयमा स्पष्ट हुनुपर्नेमा जोड दिनुभयो।रासस

# भोटेकोशी बाढीपीडितको उद्धारमा तदारुकता दिन सांसदहरूको माग



काठमाण्डु। प्रतिनिधिसभाको बैठकमा सांसदहरूले भोटेकोशीमा आएको बाढीका कारण धेरै जनधनको क्षति भएकाप्रति दुःख व्यक्त गर्दै घाइतेको उपचार, खोज, उद्धार, राहत र पुनःस्थापनाको माग गरेका छन् ।बैठकको विशेष समयमा नेपाली कांग्रेसका सञ्जयकुमार गौतमले भोटेकोशीमा आएको बाढीले अपुरणीय क्षेत्र भएको र ६ विदेशी नागरिकसहित १९ जना मानिस बेपत्ता हुनुभएकाप्रति दुःख व्यक्त गर्दै राहत र खोजी कार्यमा सरकारले अझै जोड दिनुपर्ने बताउनुभयो।

नेकपा (एमाले)का सुहाङ नेम्वाङले रसुवालगायत अन्य ठाउँमा आएको बाढीले जनधनमा ठूलो क्षति पुऱ्याएकाप्रति दुःख व्यक्त गर्दै यस विषयलाई गम्भीरतापर्वूक हेर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।नेकपा (माओवादी केन्द्र)का नेता अमनलाल मोदीले रसुवामा बाढीपहिरोबाट ठूलो जनधनको क्षति भएको भन्दै तत्काल उद्धार, राहत र क्षतिपूर्ति प्रदान गर्न माग गर्नुभयो।

उहाँले संसद् भनेको जनताप्रति उत्तरदायी हुनुपर्ने र सरकार संसद्प्रति जवाफदेही भएर सुन्नुपर्ने भनाइ राख्नुभयो। नेकपा (एकीकृत समाजवादी)का प्रकाश ज्वालाले भोटेकोशीमा आएको बाढीका कारण घाइते भएका व्यक्तिको उपचार, उद्धार, राहत र पुनःस्थापनाको माग गर्नुभयो । उहाँले जनताको सेवामा खटिएका प्रहरीका लागि आधारभूत शौचालय तथा बस्ने स्थान पानी चुइने भएको र अत्यन्तै न्यूनस्तरको कपडा दिने गरेको बताउनुभयो ।

जनता समाजवादी पार्टीका रञ्जुकुमारी झाले भोटेकोशीमा आएको बाढीका कारण ठूलो धनजनको क्षति भएको र आकस्मिक प्राकृतिक प्रकोपका लागि तयार रहनुपर्नेप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। जनमत पार्टीका अब्दुल खानले मुलुकको हित, विकास र समृद्धि गर्नुपर्ने सबैको दायित्व भए पनि बनाएका नीति, पार्टीका घोषणापत्र आफैँले कार्यान्वयन नगरेको बताउनुभयो।

जनता समाजवादी पार्टी नेपालका रेखा यादवले महोत्तरीमा सरकारी कार्यालयमा राति काम भइरहेको बेला सत्यतथ्य घटना बाहिर ल्याउन खोज्ने पत्रकार दिवाकरसाहलाईकुटपीटगरेकोप्रति विरोध जनाउनुभयो। साथै पत्रकार साहमाथि भएको अन्यायप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालले ७० प्रतिशतभन्दा बढी नेपाली कृषिमा लागेको भए पनि धेरै चामल विदेशबाट ल्याउने गरेको र सरकारमा गएका व्यक्तिले कृषिमा ध्यान नदिएको बताउनुभयो।

आम जनता पार्टीका नेता प्रभु साहले महोत्तरीको भौतिक पूर्वाधार कार्यालयमा पत्रकार साहमाथि भएको आक्रममाथि विरोध गर्दै पत्रकार साहको सुरक्षाको माग गर्नुभयो। स्वतन्त्र सांसद डा अमरेशकुमार सिहंले पत्रकार साहप्रति दुर्व्यर्वहार भएको भन्दै विरोध गर्नुभयो।

संवैधानिक परिषद्सम्बन्धी विधेयकमा राष्ट्रियसभाको संशोधन प्रतिनिधिसभाबाट स्वीकृत

प्रतिनिधिसभाले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि राष्ट्रियसभाबाट भएको संशोधन स्वीकृत गरेको छ। सभाको बैठकले उक्त संशोधन बमहुमतबाट स्वीकृत गरेको हो।

बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट रक्षामन्त्री मानवीर राईले उक्त संशोधनउपर विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै विधेयकमा राम्रो सुझाव र सल्लाह प्राप्त भएको बताउनुभयो।

"राष्ट्रियसभाबाट प्राप्त सुझाव राम्रो छ, छलफलमा सहभागी भई सुझाव दिनुभएकामा सबै सांसदलाई धन्यवाद र संशोधन स्वीकृत गरिदिनुहुन अनुरोध गर्दछु", उहाँले भन्नुभयो।

सो विधेयकका सम्बन्धमा राष्ट्रियसभाबाट भएको संशोधनमाथि यही असार २४ गते प्रतिनिधिसभामा छलफल भएको थियो । दुवै सदनबाट पारित भइसकेको सो विधेयक अब प्रमाणीकरणको प्रक्रियामा जानेछ । प्रतिनिधिसभाको अर्को बैठक यही असार २९ गते अपराह्न १ बजे बस्नेछ।

प्रतिनिधिसभामा बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक प्रस्तुत

प्रतिनिधिसभामा 'बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८२' प्रस्तुत भएको छ । सभाको बैठकमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीले उक्त विधेयक प्रस्तुत गर्नुभयो।

त्यसक्रममा मन्त्री सुडीले बाललिकाका लागि संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्नका लागि सो सम्बन्धी ऐनलाई समसामयिक परिमार्जन गर्न आवश्यक भएको बताउनुभयो । "बाल न्याय प्रणालीलाई सहज, सरल र बालमैत्री बनाउन तथा बाल संरक्षण प्रणालीलाई संस्थागत र सुदृढ गर्दै बालअधिकारको सबै पक्षलाई सन्तुलन कायम गर्न आवश्यक परेकाले उक्त विधेयक संशोधन गर्न लागिएको हो", मन्त्री सुडीले भन्नुभयो।


त्यसअघि मन्त्री सुडीले सो विधेयक प्रस्तुत गर्न अनुमति माग्नेसम्बन्धी प्रस्ताव राख्नुभएको थियो । बैठकको अध्यक्षता गर्नुभएका उपसभामुख इन्दिरा रानाले उक्त प्रस्तावमाथि कुनै पनि सांसदको विरोधको सूचना प्राप्त नभएकाले सो विधेयक प्रस्तुत गर्न मन्त्री सुडीलाई अनुमति दिनुभएको थियो।

बैठकमा महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार साहले समितिको वार्षिक प्रतिवेदन (आव २०८०/८१) पेस गर्नुभयो ।रासस

# करिब ९५ हजार टन मल मौज्दात : कृषि मन्त्री अधिकारी

काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले सरकारले 'अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७' को व्यवस्थाका आधारमा कृषकलाई अनुदानमा मलखाद उपलब्ध गराउँदै आएको बताउनुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरुले आकस्मिक, शून्य र विशेष समयमा उठाउनुभएको जिज्ञासाको जवाफ दिँदै हाल युरिया मलको खरिद मूल्य प्रतिकिलो ८२ रुपैयाँ र भन्सार बिन्दुको बिक्री मूल्य



प्रतिकिलो रु १४ रुपैयाँ रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "डिएपीको खरिद मूल्य प्रतिकिलो रु १२१ र भन्सार बिन्दुको बिक्री मूल्य प्रतिकिलो रु ४३ र पोटासको खरिद मूल्य प्रतिकिलो रु ६४ र भन्सार बिन्दुको बिक्री मूल्य प्रतिकिलो रु ३१ रहेको छ, यसरी वर्तमानमा युरिया, डिएपी र पोटास मलमा प्रतिकिलो अनुदान क्रमशः ५८, ७८ र ३३ रुपैयाँ रहेको छ। यसबमोजिम औसतमा मलमा करिब ६६ प्रतिशत अनुदान रहेको अवस्था छ।"

मन्त्री अधिकारीले अनुदानमा उपलब्ध गराइने मलबाहेक पनि अनुदान नभएका अन्य मलखाद पनि कृषकले खुला बजारबाट खरिद गरी प्रयोग गर्ने गरेको उल्लेख गर्दै सीमावर्ती क्षेत्रका कतिपय कृषकले अनौपचारिक रुपमा सानो परिमाणमा सीमापारी भारतीय बजारबाट मल ल्याई प्रयोग गर्ने गरेको जानकारी गराउनुभयो। कतिपय अवस्थामा सिफारिसअनुसार पूरैमात्रामा अनुदानको मल उपलब्ध नभए पनि खुला बजार र अन्य माध्यमबाट किनेर पनि कृषकले मल प्रयोग गर्ने गरेको उहाँको भनाइ छ। "उपलब्ध बजेटको सीमाभित्र रही अन्तरराष्ट्रिय बजारबाट रासायनिक मलको आयात गरी कृषकलाई अनुदानमा मल उपलब्ध गराउन मन्त्रालय क्रियाशील रहेको छ, चालु आर्थिक वर्षको लागि मन्त्रालयलाई प्राप्त भएको बजेट रु २७ अर्ब ३६ करोडबाट हालसम्म तीन लाख ८१ हजार टन मल आयात गरिसकिएको र चार लाख २४ हजार टन बिक्री गरिसकिएको छ", उहाँले भन्नुभएको छ। त्यसको अलावा ५२ हजार टन युरिया र ३० हजार टन डिएपी कलकत्ता बन्दरगाह आइसकेको वा आउने क्रममा रहेको र धान हाम्रो मुख्य खाद्यान्नबाली रहेको र धानबालीमा मलको माग र खपत सबैभन्दा बढी भएकाले जारी धान रोपाइँ सिजनका लागि मलको अभाव नहोस् भनेर मन्त्रालयले आवश्यक व्यवस्था गरेको मन्त्री अधिकारीको भनाइ छ।

उहाँले भन्नुभयो, "यस क्रममा नेपाल भित्रिने क्रममा रहेको मलबाहेक हाल कृषि सामग्री कम्पनी लिमिटेड र साल्टट्रेडिङ कर्पोरेशनको देशभर रहेका डिपोमा करिब ९५ हजार टन मल मौज्दात रहेको छ भने देशभरका करिब ११ हजार मल बिक्रेता सहकारी संस्थाले सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा उल्लेखित डिपोबाट दैनिक करिब २० हजार क्विन्टल (४० हजार बोरा) मल सहकारीले बुझी लगिरहेका छन्।"

खेती गरिएको बाली र मलको सिफारिस मात्राका आधारमा वार्षिक मलको आवश्यकता करिब १३ मेट्रिकटन रहे तापनि मध्य तथा उच्च पहाडमा सिफारिसअनुसार मलखाद प्रयोग कमै हुने कारण मलको प्रभावकारी माग करिब सातदेखि आठ लाख टन रहेको पाइएको मन्त्री अधिकारीले संसद् लाई जानकारी गराउनुभयो । पछिल्ला वर्षमा हाइब्रिड मकै र धानको खेती बढेसँगै मलको मागमा उच्च दरमा वृद्धि हुँदै आएको उल्लेख गर्दै छ। रासस

# अनुमानका भरमा सरकारबारे टीकाटिप्पणी नगर्न गृहमन्त्रीको आग्रह

काठमाण्डु। प्रतिनिधिसभाको बुधबारको बैठकमा गृहमन्त्री रमेश लेखकले अनुमान र कल्पनाको भरमा सरकारबारे टीकाटिप्पणी नगर्न सबैलाई आग्रह गर्नुभएको छ। बैठकमा सांसदहरूले राख्नुभएको जिज्ञासाको जवाफ दिँदै उहाँले पर्याप्त जानकारीबिना सरकारका बारेमा टीकाटिप्पणी गर्न नहुनेमा जोड



दिनुभयो।

गृहमन्त्रीले भन्नुभयो, "सम्माननीय प्रधानमन्त्रीको विदेश भ्रमण हुँदा उहाँसँगै प्रतिनिधिमण्डलमा जाने व्यक्तिका बारेमा मन्त्रिपरिषद्ले निर्णय गरेपछि मात्रै जान्छन्, प्रधानमन्त्रीसँगै भ्रमणमा जानुभएकामध्ये कोको फर्केर आउनुभएन उहाँहरूको नाम सार्वजनिक गरिदिनुभयो भने सरकारलाई सजिलो हुने थियो, त्यसकारण प्रधानमन्त्रीको स्पेन भ्रमणका बारेका गलत प्रचार भएको छ।"

उहाँले कुनै पनि विषयमा संसद् वा संसद् बाहिर प्रश्न उठाउँदै गर्दा त्यसबारे पर्याप्त जानकारी लिएर मात्रै उठान गर्न आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो, "निलम्बित सांसद रवि लामिछानेले कुनै समय अमेरिका भिजिट भिसामा जानुभएको छ। रासस


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना २६ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय गोलबजारबाट तपशिलमा उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा तथा मुक्तिनाथ ग्राहक संरक्षण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

महेन्द्र प्रसाद यादवको छोरी चन्देश्वर प्रसाद यादवको बुहारी बसन्त कुमार यादवको पत्नी सिराहा जिल्ला कविलासी गा.वि.स. वडा नं. २ हाल, सुखिपुर न.पा. वडा नं. ४ बस्ने **अमिरका कुमारी यादव** (ना.प्र.नं. : ७३७-२११ जारी मिति र जिल्ला : २०५४/०४/१२, सिराहा)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

मायन यादवको नाति चन्देश्वर प्रसाद यादवको छोरा सिराहा जिल्ला कविलासी वडा नं. २ हाल, सुखिपुर न.पा. वडा नं. ४ बस्ने **बसन्त कुमार यादव** (ना.प्र.नं. : १४२ जारी मिति र जिल्ला : २०४८/०५/१८, सिराहा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१) मिति २०८०/०८/२२ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

२) मिति २०८१/०२/१८ को राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

३) मिति २०८२/०३/१६ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| अमिरका कुमारी यादव | सिराहा जिल्ला ब्रहमनगोरछारी वडा नं. १ | १क | ५४८ | ०-२-३-० |
| | | | ५५० | ०-१-१७-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२/०३/३२ गते बुधबार भित्र यस बैकको शाखा कार्यालय गोलबजार आईपुग्ने गरि पेश गर्नुपर्ने छ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।

४) प्राप्त बोलपत्रहरु मिति २०८२/०४/०१ गते बिहीबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय गोलबजारमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# उपराष्ट्रपति यादव र फ्रान्सेली राजदूतबीच शिष्टाचार भेटवार्ता

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादव र नेपालका लागि फ्रान्सकी राजदूत भर्जिनी कोर्टेभलबीच शिष्टाचार भेटवार्ता गर्नुभएको छ । बुधबार उपराष्ट्रपति कार्यालय लैनचौरमा भएको भेटवार्तामा उहाँहरूबीच शुभकामना आदानप्रदानका साथै नेपाल र फ्रान्सबीचको द्विपक्षीय सम्बन्ध, साझेदारीका विविध आयाम तथा भावी सहकार्यको सम्भावनाबारे महत्त्वपूर्ण छलफल भएको उपराष्ट्रपति कार्यालयले जनाएको छ।

उपराष्ट्रपति यादवले सन् १९४९ मा दुवै मुलुकबीच स्थापना भएको कूटनीतिक सम्बन्ध सुमधुर रहँदै आएको स्मरण गर्दै भन्नुभयो, "हाम्रो मित्रवत् सम्बन्ध पारस्परिक सम्मान र सहयोगमा आधारित छन्।" उहाँले फ्रान्सको स्वतन्त्रता,



समानता र भ्रातृत्वको आधारभूत मूल्यको प्रशंसा गर्दै ती मूल्यले नेपालका राजनीतिक आन्दोलन तथा सङ्घर्षमा उत्प्रेरकको भूमिका निर्वाह गरेको उल्लेख गर्नुभयो।

नेपालको पूर्वाधार विकासमा युरोपेली सङ्घमार्फत फ्रान्सले दिएको दीर्घकालीन सहयोगप्रति आभार व्यक्त गर्दै उपराष्ट्रपति यादवले आगामी दिनमा दुई देशबीचको सम्बन्ध जनताको हितमा केन्द्रित रहँदै थप प्रगाढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो । उहाँले फ्रान्सको आगामी राष्ट्रिय दिवसका अवसरमा फ्रान्सेली राष्ट्रपति तथा जनताप्रति सुख, शान्ति र समृद्धिको शुभकामना पनि व्यक्त गर्नुभयो।

नेपालका लागि फ्रान्सका राजदूत कोर्टेभलले नेपाल र फ्रान्सबीचको सम्बन्ध र भ्रातृत्व प्रेम, साझा लक्ष्य र धारणामा आधारित रहेको बताउनुभयो ।रासस